स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित गायिका विष्णु माझीले लामो समयपछि आफ्नो कम्पनीबाहिरको गीतमा स्वर दिएकी छन्। शनिबार सार्वजनिक "झोर्ले हजुर" बोलको गीतमार्फत उनी बाहिरी प्रोजेक्टमा सुनिएकी हुन्। वर्षदेखि विष्णु माझीले आफ्नै सपना म्युजिक इन्डस्ट्रिजमार्फत तीज र दशैं विशेष गीतहरू मात्र सार्वजनिक गर्दै आएकी थिइन्। उनका नयाँ गीत सुन्न प्रायः तीजको प्रतीक्षा गर्नुपर्थ्यो।

आजको विचार...



असंलग्नता...
(दुई पेजमा)

बलराम बास्कोटा



साहित्यकार शोभा अधिकारीको "सफलताका २७ स्वर्णिम सूत्रहरू" विमोचन भएको छ। अधिकारीद्वारा लिखित सफलताको २७ स्वर्णिम सूत्रहरू लोकार्पण गरिएको हो। लोकार्पण समारोहमा बोल्दै अभिनेता दयाहाङ राईले सफलतालाई केवल भौतिक उपलब्धि वा उचाइ हासिल गर्नुसँग मात्र जोड्न नहुने तर्क गरे। कुनै पुस्तक वा विचारधारामा उल्लेख गरिएका सफलताका सूत्रहरू सबैका लागि समान रुपमा फलदायी नहुने उनले उल्लेख गरे।

❒ वर्ष ३१ ❒ अंक ३१७ ❒ २०८३ असार १ गते सोमबार 15 June 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा हराउन लागेको जनै बाट्न सिकाइँदै

**रामचन्द्र रायमाझी**

पाल्पा, जेठ ३१ /पछिल्लो समय नयाँ पुस्तामा परम्परागत संस्कार तथा सीपप्रति रुचि घट्दै जाँदा हराउन लागेको जनै बाट्ने कला संरक्षण गर्ने उद्देश्यले पाल्पामा विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । जनतन पुरानो पुस्ताले जनै बनाउँदै आए पनि नयाँपुस्ताले यसतर्फ चासो नदेखाउँदा संस्कृति नै हराउँदै जान थालेपछि ब्राह्मण समाज नेपाल पाल्पाले भने संरक्षणका लागि प्रशिक्षण दिएको हो ।

समाजले तानसेन नगरपालिका (२ वडा कार्यालयको आर्थिक सहयोगमा तानसेन नगर भित्रका विद्यार्थी, महिला, पुरुषहरुलाई जनै बाट्ने परम्परा सिकाएको छ । उसले ३ दिने जनै बनाउने तालिम दिएको हो । समाजले नयाँ पुस्तामा जनै बनाउने सिपको विकास गराई संस्कृति बचाई राख्न तालिम दिइएको जनाएको छ । प्रशिक्षकहरूले कपासबाट धागो तयार पार्ने, धागोलाई निश्चित विधिअनुसार बाटेर जनै बनाउने तरिका सिकाएका थिए । कार्यक्रममा सहभागीहरूले आधुनिक जीवनशैलीका कारण यस्ता परम्परागत सीप ओझेलमा पर्दै गएको बताए । नयाँ पुस्ताप्रति जनै बाट्ने परम्पराको विस्तार गरी विदेशी मुलुकबाट करोडौँ रुपैयाँको जनै आयात हुने र उक्त जनै विधिपूर्वक समेत नहुने हुँदा त्यसलाई रोक्न तालिम सञ्चालन गरिएको समाजका अध्यक्ष धर्मचन्द्र नेपालले बताए । जनैको आयात रोक्ने र संस्कृतिमा नयाँ पुस्तालाई आर्कषित गर्नुको साथै रोजगारसँग जोड्नका लागि वडा कार्यालयको सहयोगमा संस्कृतिको संरक्षणमा लागिएको उनको भनाई छ । 'तागाधारीको पहिचान भनेकै जनै रहेकोले यसको संरक्षणको लागि स्थानीय सरकारले अभियानकै रुपमा अगाडि बढाउनु पर्ने उनको तर्क छ । तालिमको शुभारम्भ गर्न पुगेका वडाध्यक्ष महेश लाल श्रेष्ठले नयाँ पुस्तामा जनै बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले संस्कृतिको संरक्षणमा समाजले देखाएको चासो र चिन्ता प्रसंशनिय रहेको बताए । अध्यक्ष श्रेष्ठले भने, 'नयाँ पुस्ताले जनै बनाउन सिके हुने भन्ने थियो अहिले सिकाउने काम भएको छ । यो त सबैका लागि खुसीको कुरा हो । एकातिर संस्कृतिको जगेर्ना हुने र अर्कोतर्फ आयआर्जनमा टेवा पुग्ने भएकाले युवा पुस्ताले जनै बनाउन चासो दिए हुने हो ।' उनले यस्ता संस्कृतिको संरक्षणमा वडाले समेत विशेष ध्यान दिर्दै आएको उल्लेख गरे । कार्यक्रममा तानसेन कार्यपालिका सदस्य सविता भट्टराई विगतमा पनि नगरपालिकाले जनै बनाउन सहयोग गरेको बताइन् ।




*जनै बाट्न सिकाउँदै प्रशिक्षक, सिक्दै विद्यार्थी, महिला, पुरुषहरु । तस्बिर : जयराम सापकोटा*

*-बाँकी अन्तिम पेजमा...*

## सक्षिप्त समाचार

### इरानमा शान्ति सम्झौताको विरोध

**(रासस/एएनआई)**

**मशहद (इरान),** जेठ ३१/संयुक्त राज्य अमेरिकासँग सम्भावित शान्ति सम्झौताको चर्चा तीव्र भइरहेका बेला इरानभित्र त्यसको विरोध पनि चर्किन थालेको छ । उत्तरपूर्वी सहर मशहदमा विदेश मन्त्रालयको कार्यालय बाहिर दर्जनौं प्रदर्शनकारीले सम्भावित सम्झौताविरुद्ध नाराबाजी गर्दै शीर्ष कूटनीतिज्ञ अब्बास अराघचीको राजीनामा माग गरेका छन् । इरानी समाचार संस्था फार्सले सार्वजनिक गरेको भिडियोमा कालो पोशाक लगाएका महिलासहित प्रदर्शनकारीहरू रातो र कालो झण्डा बोकेर विदेश मन्त्रालयको कार्यालय अगाडि भेला भएको देखिन्छ । उनीहरूले 'अराघची, राजीनामा देऊ' र 'घुसपेठीहरू मूर्दावाद' जस्ता नारा लगाएका थिए । प्रदर्शनको पृष्ठभूमिमा विदेशमन्त्री अराघचीले हालै राज्य टेलिभिजनमा दिएको अन्तर्वार्ता रहेको बताइएको छ । उक्त अन्तर्वार्तामा उनले सम्भावित अमेरिका-इरान सम्झौताका केही पक्षबारे सङ्केत गरेका थिए, जसले देशभित्रको राजनीतिक बहसलाई थप तीव्र बनाएको छ । सम्झौताका विरोधीहरूका अनुसार प्रस्तावित व्यवस्था इरानको रणनीतिक हितविपरीत हुन सक्छ । यसले हर्मुज जलघाँटीमाथिको तेहरानको प्रभाव कमजोर पार्नेछ र वार्ताकारहरूले अत्यधिक रियायत दिएका छन् भन्ने उनीहरूको तर्क छ । यो असन्तुष्टि विशेषगरी राज्य टेलिभिजनमार्फत सम्भावित सम्झौतामा इरानी बन्दरगाहमाथिको अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने प्रावधान समावेश हुन सक्ने जानकारी सार्वजनिक भएपछि बढेको बताइएको छ । अमेरिका र इरानबीच हर्मुज जलघाँटीको नियन्त्रण लामो समयदेखि विवादको केन्द्रमा रहँदै आएको छ ।

'पानी जीवनको आधार, स्वच्छ पानी सबैको अधिकार'

**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

*दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/३० गते*

२०८३/०२/३० गते सम्पन्न तानसेन खानेपानी उपभोक्ता समितिको साधारण सभाको बन्द सत्रमा समितिको विधान बमोजिम आवश्यक गणपूरक संख्या (कोरम) नपुगेकाले सभा सम्पन्न हुन नसकेको व्यहोरा सम्पूर्ण उपभोक्ता सदस्यहरूमा जानकारी गराइन्छ ।

समितिको विधान अनुसार दोस्रो पटकका लागि साधारण सभाको बन्द सत्र **मिति २०८३/०३/०८ गते** पुनः आयोजना गरिने भएकाले सम्पूर्ण उपभोक्ता सदस्य महानुभावहरूलाई तोकिएको समय र स्थानमा उपस्थित भई सभालाई सफल पारिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क :** ९८५७०४४०८७, ०७५-५२२०८७


*(नोटःबन्द सत्र हुने स्थान तानसेन नगरपालिकाको सभाहल । समय : ११ बजे)*

**मोहन प्रसाद श्रेष्ठ**
**अध्यक्ष**

# रामपुरमा घुम्ती शिविरमार्फत सेवा प्रवाह

पाल्पा,(रामपुर), जेठ ३१/ जिल्लाको रामपुर नगरपालिकाले घुम्ती शिविरमार्फत सेवा प्रवाह गरेको छ । उसले कार्यालयको पहुँच भन्दा पर रहेका नागरिकहरुलाई सहज रुपमा सेवा दिने उद्देश्यले घुम्ती सेवामार्फत सेवा प्रवाह गरेको हो ।

वडा नं. ९ का स्थानीयहरुलाई एकीकृत घुम्ती शिविर मार्फत सेवा प्रदान गरिएको छ । नगरपालिकाले स्वास्थ्य परीक्षणसँगै नगरपालिका कार्यालयबाट प्रवाह हुने सेवा सहितको शिविर सञ्चालन गरेको हो । भूगोलका हिसावले टाढा रहेको वडालाई मध्यनजर गर्दै घुम्ती शिविर सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ । नगरबासीको आवश्यकता तथा सेवामा सहजताका लागि शिविर सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । नगरपालिका कार्यालयबाट दुरी र पहुँचका हिसावले टाढा रहेका नगरबासीको लागि अन्य स्थानमा पनि शिविर सञ्चालन गर्दै आएको उनले बताए । शिविरबाट वडा भित्र सञ्चालन भएका कार्यक्रम र योजनाको भुक्तानी, कृषि तथा पशु सेवा, आँखा, कान, घाँटी तथा दन्त परिक्षण सहित अन्य स्वस्थ्य परीक्षण सेवा, संस्था तथा व्यवसाय दर्ता तथा नविकरण, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण, महिलाहरुको पाठेघरको मुखको सम्भावित क्यान्सर परीक्षण सेवा प्रदान गरिएको थियो ।



*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## अग्रज दुर्व्यवहार जागरुकता दिवसको सन्दर्भ

विश्व अग्रज दुर्व्यवहार जागरुकता दिवस आज नेपालसहित विश्वभर विभिन्न सचेतना कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन १५ मा मनाइने यो दिवस केवल एउटा औपचारिक कार्यक्रम नभई समाजका अग्रजहरूको सम्मान, सुरक्षा र अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि हो । ज्येष्ठ नागरिकमाथि हुने शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक दुर्व्यवहारप्रति विश्व समुदायको ध्यानाकर्षण गराउँन हरेक वर्ष यो दिवस मनाउने गरिन्छ ।

ज्येष्ठ नागरिकहरू समाजका अनुभव, ज्ञान र संस्कृतिका जीवित स्रोत हुन् । उनीहरूले आफ्नो जीवनको महत्वपूर्ण समय परिवार, समाज र राष्ट्र निर्माणमा समर्पित गरेका हुन्छन् । तर विडम्बना, उमेर ढल्कँदै जाँदा धेरै अग्रजहरू उपेक्षा, अपमान, हिंसा र आर्थिक शोषणको सिकार बन्न बाध्य छन् । कतिपय अवस्थामा आफ्नै परिवारभित्रबाट हुने दुर्व्यवहारले उनीहरूको जीवन अझ कष्टकर बनाइरहेको छ । दुर्व्यवहार केवल शारीरिक हिंसामा सीमित छैन । मानसिक यातना, अपमानजनक व्यवहार, सम्पत्तिमाथिको अनुचित नियन्त्रण, स्वास्थ्य सेवाबाट वञ्चित गरिनु तथा सामाजिक रुपमा अलग्याइनु पनि दुर्व्यवहारकै रूप हुन् । आधुनिक जीवनशैली, परिवारको संरचनामा आएको परिवर्तन, वैदेशिक रोजगारी र बढ्दो व्यक्तिवादी सोचका कारण ज्येष्ठ नागरिकहरू झन् असुरक्षित बन्दै गएका छन् । नेपालमा पनि ज्येष्ठ नागरिकहरूको संख्या बढ्दै गएको छ । तर उनीहरूको हेरचाह, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवनका लागि आवश्यक व्यवस्था अझ पर्याप्त छैन । राज्यले कानुनी संरक्षण र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको छ । परिवार, समुदाय र सरकारी निकायबीच समन्वित प्रयासबिना अग्रज दुर्व्यवहार न्यूनीकरण सम्भव छैन् । ज्येष्ठ नागरिकहरूको अनुभवलाई मूल्याङ्कन गर्ने, उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने र सुरक्षित वातावरण प्रदान गर्ने संस्कृतिको विकास गर्न आवश्यक छ । यसो गर्न सकियो भने विश्व अग्रज दुर्व्यवहार जागरुकता दिवस मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

समय नै ठूलो परीक्षा हो,
मानिसहरू शब्दले होइन, व्यवहारले चिनिन्छन् ।
*(आरती वि.कको फेसबुक स्टाटसबाट www.facebook.com/Aarati.B.K)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# असंलग्नता र समकालीन नेपालको भू-राजनीतिक सङ्कट



**बलराम बास्कोटा**

सङ्घर्ष र रूपान्तरणको लामो ऐतिहासिक कालखण्डमा विश्वको राजनीतिक मानचित्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने केही सीमित मोडहरूमध्येको एक महत्वपूर्ण मोड हो सन् १९५५ को बान्डुङ सम्मेलन । यो एक ऐतिहासिक प्रस्थानविन्दु पनि हो । इन्डोनेसियाको शान्त र सांस्कृतिक सहर बान्डुङको 'गेडुङ मर्डेका' (स्वतन्त्रता हल) मा भेला भएका एसिया र अफ्रिकाका २९ वटा नव-स्वतन्त्र तथा औपनिवेशिक उत्पीडनबाट भर्खरै तङ्रिएका राष्ट्रहरूले इतिहासको एउटा यस्तो नयाँ अध्यायको घोषणा गरे, जसले उत्तर एट्लान्टिक साम्राज्यवादी शक्तिहरूको शताब्दीयौं लामो एकाधिकारलाई प्रत्यक्ष चुनौती दियो । विख्यात मार्क्सवादी विश्लेषक विजय प्रसादको हालैको विचारोत्तेजक लेख 'ट्रिकन्टिनेन्टल: इन्स्टिच्युट फर सोसियोलोजिकल रिसर्च'को २३औं समाचार-पत्रमा प्रकाशित भएको छ । 'हाम्रो सपनाको नयाँ एसिया निर्माण गरौं' शीर्षकको सन्दर्भलाई केन्द्रमा राख्दै, वर्तमान भू-राजनीतिक सङ्कट, नव-उपनिवेशवादको बढ्दो जोखिम र आर्थिक परनिर्भरताको यस जटिल बिन्दुमा बान्डुङ भावनाको सान्दर्भिकता झन् बढेर गएको छ । यसै ऐतिहासिक परिप्रेक्ष्यमा, नेपालजस्तो भू-परिवेष्ठित, रणनीतिक रूपमा संवेदनशील र दुई विशाल अर्थतन्त्रहरूको बिचमा रहेको मुलुकका लागि बान्डुङ सम्मेलन, असंलग्न परराष्ट्र नीति र यसको आधुनिक सान्दर्भिकतामाथि केन्द्रित रहेर यो आलेखमाथि छलफल गरिनेछ । दोस्रो विश्वयुद्धको विध्वंस र फासीवादको अन्त्यपछि पनि विश्वले पूर्ण शान्तिको सास फेर्न पाइरहेको थिएन । एकातिर लामो युरोपेली औपनिवेशिक शासनको क्रूर शृङ्खलाबाट एसिया र अफ्रिकाका राष्ट्रहरू मुक्त हुने प्रक्रियामा थिए भने, अर्कोतर्फ विश्व तीव्र रूपमा दुई ध्रुवमा विभाजित हुने क्रम थियो । दुई ध्रुवको एकातर्फ अमेरिकी नेतृत्वको पुँजीवादी शक्ति थियो भने अर्कोतर्फ सोभियत संघ नेतृत्वको साम्यवादी शक्ति थियो । यसैकारण विश्व शीतयुद्धको चपेटामा फसिरहेको थियो । यस्तो असहज, डरलाग्दो र विभाजित वातावरणमा इन्डोनेसियाका राष्ट्रपति सुकार्नो, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू, इजिप्टका राष्ट्रपति गमाल अब्देल नासेर, घानाका नेता क्वामे न्क्रुमा, युगोस्लाभियाका राष्ट्रपति जोसिप ब्रोज टिटो र चीनका प्रधानमन्त्री चाउ एन-लाईको अगुवाइमा सन् १९५५ अप्रिल १८ देखि २४ सम्म बान्डुङ सम्मेलनको आयोजना गरियो । सम्मेलनको मूल मर्म, भर्खरै स्वतन्त्र भएका मुलुकहरू पुनः कुनै पनि साम्राज्यवादी शक्तिको सैन्य गठबन्धन वा वैचारिक दासत्वमा फस्नु हुँदैन भन्ने नै थियो । सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति सुकार्नोले भनेका थिए, 'हामीलाई जोड्ने कुरा हाम्रो विचारधारा, धर्म वा संस्कृति होइन, बरु जुनसुकै रूपमा देखा पर्ने उपनिवेशवादप्रतिको हाम्रो साझा घृणा हो ।' बान्डुङ सम्मेलनले पञ्चशीलका पाँच सिद्धान्तलाई विस्तार गर्दै विश्व शान्ति र सहयोगका लागि ऐतिहासिक १० बुँदे बान्डुङ घोषणापत्र जारी गऱ्यो । यसै सम्मेलनले सन् १९६१ मा बेलग्रेडमा औपचारिक रूपमा स्थापित भएको असंलग्न आन्दोलनको जग बसाल्यो । बान्डुङ केवल कूटनीतिक जमघट मात्र थिएन यो इतिहासमा पहिलोपटक विश्वका बहुसङ्ख्यक र शोषित जनताले आफ्नो भाग्यको फैसला आफैं गर्ने दृढ राजनीतिक सङ्कल्पको ऐतिहासिक शङ्खघोष थियो ।

**बान्डुङ सम्मेलन र नेपाल**

सन् १९५५ को बान्डुङ सम्मेलन नेपालको आधुनिक परराष्ट्र नीतिको इतिहासमा स्वर्ण अक्षरले लेखिएको अध्याय हो । नेपालमा सन् १९५१ (वि.सं. २००७) मा शताब्दी लामो जहानियाँ राणा शासनको अन्त्य भई प्रजातन्त्रको उदय भइसकेको थियो । तथापि, बाह्य संसारमा नेपालको पहिचान अझै पनि ब्रिटिस साम्राज्यको छायामा परेको वा छिमेकी भारतको सुरक्षा छाताभित्र खुम्चिएको देशका रूपमा सीमित थियो । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो स्वतन्त्र पहिचान, सार्वभौमिकता र रणनीतिक स्वायत्तता प्रमाणित गर्नु अत्यन्त जरुरी थियो । यस्तो संवेदनशील घडीमा नेपालले बान्डुङ सम्मेलनमा भाग लिने ऐतिहासिक अवसर पायो । सम्मेलनमा नेपालको प्रतिनिधित्व तत्कालीन बडागुरुज्यू विजयराज पाण्डेको नेतृत्वमा रहेको उच्चस्तरीय प्रतिनिधिमण्डलले गरेको थियो । बान्डुङमा नेपालको उपस्थिति आफैंमा एउटा ठूलो राजनीतिक सन्देश थियो । नेपालको सन्दर्भमा यसले महत्वपूर्ण तीनवटा आधार प्रदान गऱ्यो:

**(क) सार्वभौमिकताको अन्तर्राष्ट्रिय वैधानिकता:**

बान्डुङ सम्मेलनमा नेपालले आफूलाई इतिहासको कुनै पनि कालखण्डमा कसैको गुलाम नबनेको, एउटा गौरवशाली र सार्वभौम स्वतन्त्र राष्ट्रका रूपमा विश्व मञ्चमा उभ्यायो । सम्मेलनमा सहभागी एसिया र अफ्रिकाका २९ राष्ट्रहरूले नेपालको स्वतन्त्र अस्तित्वलाई स्वीकार गरे । यसले नेपाललाई सोही वर्ष (डिसेम्बर १९५५) संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्ने बलियो नैतिक र कूटनीतिक आधार प्रदान गऱ्यो ।

**(ख) पञ्चशील र असंलग्नताको अङ्गीकार:**

बान्डुङ सम्मेलनले पारित गरेका सार्वभौमिकता, समानता, प्रादेशिक अखण्डताको सम्मान, आन्तरिक मामिलामा अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्व जस्ता पञ्चशीलका सिद्धान्तहरूलाई नेपालले आफ्नो परराष्ट्र नीतिको अकाट्य आधारशिला बनायो । नेपालको संविधानमै असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई राज्यको मार्गनिर्देशक सिद्धान्तका रूपमा समावेश गरिनु बान्डुङ सम्मेलनकै वैचारिक देन हो ।

**(ग) चीन र अन्य राष्ट्रहरूसँग कूटनीतिक विस्तार:**

बान्डुङ सम्मेलनकै 'साइडलाइन'मा नेपालले छिमेकी राष्ट्र चीनका तत्कालीन प्रधानमन्त्री चाउ एन-लाईसँग महत्वपूर्ण कुराकानी गऱ्यो । यसै भेटघाटले सन् १९५५ को अगस्टमा नेपाल र चीनबिच औपचारिक दौत्य सम्बन्ध स्थापना गर्ने ढोका खोल्यो । बान्डुङले नेपाललाई भारतसँगको परम्परागत निर्भरतालाई सन्तुलनमा राख्दै कूटनीतिक सम्बन्धलाई विश्वव्यापी रूपमा विविधीकरण गर्ने ऐतिहासिक अवसरसमेत दियो ।

**ग्लोबल साउथको विरोधाभास र एसियाली सङ्कट**

मार्क्सवादी विश्लेषक विजय प्रसादले आफ्नो लेखमा वर्तमान विश्व राजनीति, विशेष गरी 'ग्लोबल साउथ'को अवस्थाको निकै मार्मिक र यथार्थपरक विश्लेषण गरेका छन् । उनको विश्लेषणले बान्डुङ भावना आज किन सङ्कटमा छ र यसलाई पुनर्जीवित गर्नु किन अपरिहार्य छ भन्ने कुरा प्रस्ट पार्छ । विजय प्रसादका अनुसार, आजको ग्लोबल साउथमा एउटा नयाँ विरोधाभास र अन्तर्विरोध छ । नैतिक ह्रास र स्वायत्तताको खोजी: एकातिर, पश्चिमा शक्तिहरू (ग्लोबल नर्थ) को नैतिक अख्तियारी तीव्र रूपमा घट्दै गइरहेको छ र ग्लोबल साउथका देशहरूमा रणनीतिक स्वायत्तता र आर्थिक सार्वभौमिकताको चेतना बढिरहेको छ । ब्रिक्स प्लस (BRICS) जस्ता संस्थाहरू र दक्षिण-दक्षिणबिच व्यापारमा भएको वृद्धि यसैको परिणाम हो भने, अर्कोतिर विकासशील देशहरूमा पश्चिमा शक्तिहरूको सजाय (आर्थिक नाकाबन्दी, प्रतिबन्ध र युद्ध) को तीव्र डर कायमै छ । क्युबा, इरान, प्यालेस्टाइन र भेनेजुएलामा भएका हालैका साम्राज्यवादी हस्तक्षेपहरूले यो डरलाई थप मलजल गरेका छन् । सन् २०२६ को डेमोक्रेसी इन्डेक्सले देखाए अनुसार विश्वका ९७ देशमध्ये केवल चारवटा देश मात्रै अमेरिकी सैन्य अड्डा राख्न इच्छुक छन् । यसले के देखाउँछ भने, विश्वका जनता अमेरिकी सैन्य प्रभुत्व र युद्ध चाहँदैनन् । तर उनीहरू यसको सम्भावित सजाय र आर्थिक प्रलोभनको चक्रव्यूहबाट उम्किन पनि सकिरहेका छैनन् । विजय प्रसादले एसियामा एउटा दुःखद यथार्थ औंल्याएका छन् कि अफ्रिकामा अफ्रिकी युनियन र दक्षिण अमेरिकामा उनासुर (UNASUR) जस्ता क्षेत्रीय राजनीतिक ढाँचाहरू निर्माण भए (यद्यपि ती नवउदारवादी दलदल र ऋणका कारण अहिले कमजोर नै किन नहोऊन), तर एसियाले भने एउटा क्षेत्रीय परियोजनाको सामान्य रूपरेखा वा राजनीतिक ढाँचासमेत निर्माण गर्न सकेन । एसियामा क्षेत्रीयताको भावनालाई विगतमा जापानी सैन्यवादको क्रूरताले सशङ्कित बनायो भने वर्तमानमा तीव्र अन्तर-राज्यीय प्रतिद्वन्द्विता, सीमा विवाद, प्रतिस्पर्धी राष्ट्रवाद र अमेरिकी नेतृत्वको सैन्य गठबन्धनको बाक्लो जालले महादेशलाई राजनीतिक रूपमा पूर्ण रूपमा खण्डित गरिदिएको छ । आसियान केवल एउटा व्यापारिक निकायमा खुम्चिएको छ भने एसियाली विकास बैंक अमेरिकी नवउदारवादी नीतिको हतियार बनेको छ । सौर्इ सहयोग सङ्गठनले केही आशा जगाएको भने छ । तर एसिया आर्थिक रूपमा विश्वको मुख्य इन्जिन भएर पनि राजनीतिक रूपमा अत्यन्तै कमजोर र विभाजित छ ।

**भू-राजनीतिक उतार-चढावमा बान्डुङको सान्दर्भिकता**

आजको विश्व सन् १९५५ को शीतयुद्धकालीन विश्वभन्दा झनै जटिल एवं खतरनाक मोडमा आइपुगेको छ । विजय प्रसादले भनेझैं, आज राजनीति रूपान्तरणको सट्टा केवल व्यवस्थापनमा सीमित भएको छ । प्यालेस्टाइन क्रूर कब्जा र नरसंहारको चपेटामा छ । युद्ध, नाकाबन्दी तथा सैन्यवादले विश्वलाई नै ध्वस्त पार्दैछ । यस्तो अवस्थामा बान्डुङ भावनाको सान्दर्भिकता निम्नलिखित बुँदाहरूमा स्पष्ट पार्न सकिन्छ:

**(क) नयाँ शीतयुद्ध र ध्रुवीकरणको जोखिम:**

वर्तमान विश्व पुन: एकपटक अमेरिका नेतृत्वको पश्चिमा शक्ति र चीन-रूस नेतृत्वको अक्षबिच 'नयाँ शीतयुद्ध' को चपेटामा फस्दै गइरहेको छ । इरान-अमेरिका-इजरायलबिचको युद्ध, युक्रेन सङ्कट, ताइवान स्ट्रेटको तनाव र सिङ्गो मध्यपूर्वमा लादिएको युद्धले विश्वलाई फेरि सैन्य गठबन्धनहरूमा ध्रुवीकृत गरिरहेको छ । साना र विकासशील देशहरूलाई कुनै न कुनै कित्तामा उभिनका लागि तीव्र दबाब दिइँदैछ । यस्तो अवस्थामा कुनै पनि सैन्य ब्लकमा सामेल नहुने र आफ्नो निर्णय आफैं गर्न पाउने बान्डुङ सम्मेलनको असंलग्नताको सिद्धान्त नै साना राष्ट्रहरूको रक्षा कवच हो ।

**(ख)नव-उपनिवेशवाद र आर्थिक साम्राज्यवादी चक्रव्यूह:**

परम्परागत रूपमा बन्दुक र सेनाको बलमा गरिने उपनिवेशवादको अन्त्य भए पनि आज त्यसको ठाउँ आर्थिक नाकाबन्दी, विविध खाले प्रतिबन्धहरू, डलरको प्रभुत्व र ऋणको पासो जस्ता नव-औपनिवेशिक स्वरूपहरूले लिएका छन् । जलवायु परिवर्तन, खाद्य असुरक्षा, ऊर्जा सङ्कट, पानीको विवाद र महामारी जस्ता चुनौतीहरू कुनै एउटा देशको सिमानाभित्र सीमित छैनन् । यी संरचनात्मक समस्याहरू हुन्, जसले मानवताभन्दा नाफालाई प्राथमिकता दिने पुँजीवादी विश्व व्यवस्थाका कारण सिर्जना भएका हुन् । एउटा नयाँ, प्रगतिशील प्यान-एसियनिजमको निर्माणका लागि नेपालले कलाकार, बौद्धिक र कूटनीतिक स्तरमा संवादको नेतृत्व गर्नुपर्छ । सन् २०३० मा बान्डुङको ७५औं वार्षिकोत्सवमा उभिएर 'एसियाली युनियन' को घोषणा गर्ने सपना साकार पार्न र हाम्रो सपनाको स्वतन्त्र, समृद्ध र शान्तिपूर्ण नेपाल तथा एसिया निर्माण गर्न आजैदेखि बान्डुङ भावनालाई आत्मसात् गर्नु नै हाम्रो समयको मुख्य राजनीतिक र राष्ट्रिय कार्यभार हो ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४०२७५, ४०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५९८५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१५४१ |
| भैरहवा ०७१-५२०१११ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा ०७५-५२०३३३, ५२११७९ | नेपाल आँखा अस्पताल समाज मो. ९८४७०४५०११ |
| अर्घाखाँची ०७७-५२११११ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल ०७५-४००१५४ | जनसेवा क्लब नर्भिमिल ९८५७०२१२४६ |
| गुल्मी ०७९-५२०१११ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१११ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | क्लगाई क्लब क्लगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००११ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७७११ |
| पाल्पा ०७५-५२०५३६, ५२०१११ | तम्घास जिल्ला अस्पताल ०७७-५२०१६३ | रेडक्रस भैरहवा ०७१-५२०१६३ | लुम्बिनी मेडिकल कलेज ०७१-५२०८४० |
| इप्का रामपुर ०७५-६११५५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेडक्रस भैरहवा ०७१-५२६६६३, ९८४७०२२४६४ | बुटवल जेसिस ९८४७२११९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थनगर महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पिटल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा ९८४७०२७७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४६६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टेड इन्स्टि: ९८५७०६२२४७, ९८५७०६७०५४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तहरूसँग मनोरञ्जनात्मक समय बित्नेछ। जोखिमको कार्यबाट टाढा रहनुहोस्। | **तुला** : अधिकारीहरूबाट उपयुक्त आश्वासन मिल्नेछ। खानपिनको ध्यान राख्नुस्। |
| **वृष** : राजकिय मामलाहरू सुल्झिनेछन्। सन्तान को प्रगतिलाई लिएर चिन्ता रहनेछ। | **वृश्चिक** : मामलाहरू सुल्झिनेछन्। विद्यार्थी वर्गलाई उच्च अध्ययनमा सफलता मिल्नेछ। |
| **मिथुन** : योजनाहरू गोप्य राखेर अगाडि बढ्नुहोस्। आयस्रोतमा वृद्धि हुनेछ। | **धनु** : नयाँ समाचार वा जानकारीले ध्यान आकर्षित गर्नेछ । दिन रोचक रहनेछ। |
| **कर्कट** : नयाँ कामको रूपरेखा बन्नेछ। नयाँ कार्य प्रारम्भ गर्नमा सफलता मिल्नेछ। | **मकर** : मानिसहरूप्रति आत्मीयता अझ बढ्नेछ।पुरानो सम्भनाले मन छोइन सक्छ। |
| **सिंह** : सुख सुविधामा धन खर्च हुनेछ। कार्यक्षेत्रमा सहयोगीहरूको सहयोग मिल्नेछ। | **कुम्भ** : बेलेका कुरा प्रभावकारी रहनेछन् । नयाँ अवसर पनि प्राप्त हुन सक्छ। |
| **कन्या** : सम्पर्क क्षेत्र बढ्नाले भविष्यको लागि नयाँ योजनाहरू क्रियान्वित हुनेछन्। | **मीन** : सानो परिवर्तनले कामलाई झैँ सजिलो बनाउनेछ र समयको सदुपयोग पनि हुनेछ। |

# शिक्षा

## बीस विद्यालयलाई ल्यापटप वितरण




जिल्ला सदरमुकाममा रहेको सिमकोट गाउँपालिकाले आफ्ना मातहतमा रहेका २० सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरेको छ । शिक्षामा सूचना प्रविधिको पहुँच विस्तार गर्ने उद्देश्यले सामुदायिक विद्यालयलाई ल्यापटप वितरण गरिएको हो । करिब रु ४५ लाखबराबरको ४० थान ल्यापटप वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत भलाराम पङ्गालीले बताए । गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तर सुधार, विद्यार्थीलाई प्रविधिमैत्री शिक्षा प्रदान तथा डिजिटल सिकाइ वातावरण निर्माण गर्ने लक्ष्यसहित ल्यापटप हस्तान्तरण गरेको हो । प्रमुख प्रशासकीय अधिकृत पङ्गालीले शिक्षामा गरिएको लगानी भविष्यमा मानव संशाधन विकास र समग्र गाउँपालिकाको समृद्धिसँग जोडिएको बताए । उहाँले विद्यालयमा ल्यापटप मात्र वितरण गरेर नरोकिने, यसको प्रभावकारी उपयोगका लागि आवश्यक तालिम तथा व्यवस्थापनमा समेत सहयोग गर्ने जानकारी दिए । सिमकोट गाउँपालिकाले पछिल्ला वर्षहरूमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै विद्यालय पूर्वाधार सुधार, शैक्षिक सामग्री व्यवस्थापन, शिक्षक क्षमता विकास तथा डिजिटल शिक्षामा लगानी, ग्रामीण क्षेत्रका विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्न भूमिका खेल्न ल्यापटप वितरण गरेको अधिकृत पङ्गालीले बताए । ***-रासस***

## घट्दो विद्यार्थी सङ्ख्या रघुगंगाको मुख्य शैक्षिक चुनौती



घट्दो विद्यार्थी सङ्ख्या म्याग्दीको रघुगंगा गाउँपालिकाको मुख्य शैक्षिक चुनौती बनेको छ । आठ वडा रहेको रघुगंगामा एक वटा कक्षा १२ र नौ वटा कक्षा १० सम्म पठनपाठन हुने सहित ३३ सामुदायिक र भगवतिमा एक निजी विद्यालय छन् । गाउँपालिकाको शिक्षा शाखाको अभिलेख अनुसार सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ मा एक हजार नौ सय ३० जना विद्यार्थी भर्ना भएका थिए । ९ विद्यालयमा दूइ अंक भन्दा कम र १५ मा तीन अंक भन्दा कम विद्यार्थी सङ्ख्या छ । तीन अंक भन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालय चार वटा मात्र छन् । शैक्षिक सत्र २०८३ को जेठ तेस्रो सातासम्म रघुगंगाका सामुदायिक विद्यालयमा एक हजार तीन सय नौ जना विद्यार्थी भर्ना भएका शिक्षा शाखाका प्रमुख नहेन्द्रबहादुर क्षेत्रीले बताए । "यस वर्ष छ सय ४९ जना छात्रा र छ सय ६० जना छात्र भर्ना भएका छन् । यो सङ्ख्या केही बढ्ने भए पनि गत वर्षको हाराहारीमा नपुग्ने अनुमान गरेका छौ," उनले भने "यस वर्ष बालकक्षामा भर्ना हुने छात्रा ९० जना र छात्र एक सय २४ जना छन् । गत वर्ष एक सय १९ छात्रा र एक सय ३८ जना छात्र बालकक्षामा भर्ना भएका थिए ।" बसाइँसराइ, वैदेशिक रोजगारीका कारण परिवार बाहिरिनु, निजी विद्यालयप्रतिको आकर्षण तथा जन्मदरमा आएको कमीका कारण विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएको रघुगंगा गाउँपालिका-७ मा रहेको अमर माविका पूर्व प्रअ पृथ थापाले बताए । "पहिले एउटै घरमा पाँच/सात जना सम्म बच्चा हुन्थे, अहिले मुस्किलले एक/दुई जना बच्चा जन्मिएपनि बजार झरिहाल्ने प्रवृत्ति बढेको छ," उनले भने "पहिलेका तुलनामा सुविधायुक्त भवन लगायत पूर्वाधार र प्रबिधीको प्रयोग गरेर पठनपाठन गराउन थालेपनि गाउँका विद्यालयमा विद्यार्थी टिकाउन गाह्रो भएको छ । रघुगंगा गाउँपालिका-१ बादुकमा रहेको श्रीकृष्ण आधारभूत विद्यालयमा यस वर्ष विद्यार्थी सङ्ख्या शून्यमा झरेको छ । गत वर्ष बालकक्षामा ४ जना विद्यार्थी थिए । भएका विद्यार्थी अन्यत्र गएका र नयाँ विद्यार्थी भर्ना हुन नआएपछि उक्त विद्यालय नाममा मात्र सीमित भएको छ । कक्षा ८ सम्म पठनपाठन हुने श्रीकृष्ण आधारभूत तहघटुवा हुदै बन्द हुने अवस्थामा पुगेको हो । कुइने आधारभूतमा दुई जना, जनसुन्दर आधारभूतमा तीन जना, सुन्दर आधारभूतमा दुई जना, सिद्ध आधारभूतमा पाँच जना, जनसेवा आधारभूतमा सात जना, रघुगंगा आधारभूतमा सात र चिमखोला आधारभूतमा छ जना विद्यार्थी रहेका छन् । सबैभन्दा बढी मुक्तिधाम माविमा दुई सय ८० जना विद्यार्थी छन् । वि.स. २००६ मा स्थापना भएको मुक्तिधाम मावि म्याग्दीकै पुरानो मध्यको विद्यालय हो । मुक्तिधाम माविमा भगवति, बेग, पिप्ले, दग्नाम सम्मका विद्यार्थी पढ्न आउँदा सात सय जना भन्दा धेरै विद्यार्थी हुन्थ्यो । मुक्तिधाम माविका प्रअ अमर केसीका अनुसार गत वर्ष तीन सय १४ विद्यार्थी रहेको उक्त विद्यालयमा २०८१ मा तीन सय ७४ जना थिए । केही विद्यार्थीहरू बाहिरबाट भर्ना हुन आए पनि धेरै विद्यार्थीहरू पोखरा, बेनी जाने क्रम बढेको छ । बसाइसराइ र सेवा क्षेत्रका आधारभूत विद्यालयले तल्लो तहका विद्यार्थी 'होल्ड' गर्दा विद्यार्थी सङ्ख्या कम भएको प्रअ केसीको भनाई छ । बालीविज्ञान, कम्प्युटर, प्रयोगशाला र छात्रावास सुविधाले पनि विद्यार्थी आकर्षित गर्न नसकेकोमा उनले चिन्ता व्यक्त गरे । रघुगंगा गाउँपालिकाले उक्त विद्यालयको कृषि प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुका लागि पक्की छात्रावास भवन निर्माण गरिदिएको छ । छात्रावास भवनलाई प्रयोगमा ल्याउन पहल र सहजिकरण आवश्यक छ । मुक्तिधाम माविमा गाउँपालिकाले विद्यालयमा सभाहल भवन पनि निर्माण गरिदिएको छ । गाउँपालिकाले रघुगंगा-७ मा रहेको चिमखोला आधारभूत विद्यालयको भवन बनाउन यस वर्ष रु। ४० लाख बजेट बिनियोजन गरेको थियो । भवन निर्माण अन्तिम चरणमा रहेको उक्त विद्यालयमा विद्यार्थी सङ्ख्या जम्मा छ जना रहेको छ । सरकारले तोकेको मापदण्ड र सङ्ख्या अनुसार विद्यार्थी नभएपछि २०८२ को माध्यमिक शिक्षा परिक्षा (एसइईमा) रघुगंगा गाउँपालिकाको एसईई परिक्षा केन्द्र बेनीमा सरेको छ । यसअघिको वर्षमा रघुगंगाका विद्यार्थीहरुको लागि मुक्तिधाम माविमा एसईइ परिक्षा केन्द्रको ब्यवस्था थियो । दुई सय भन्दा बढी विद्यार्थी सङ्ख्या हुनुपर्ने मापदण्डका कारण रघुगंगाको एसइई परिक्षा केन्द्र बेनीमा झरेको हो । रघुगंगाका १० माध्यमिक विद्यालययका एक सय ७३ जना विद्यार्थीले २०८२ को माध्यमिक शिक्षा परिक्षा एसईईमा भाग लिएका थिए । यस मध्ये एक सय ६३ जना 'ग्रेडेड' भएका छन् । कालिका मावि, महादेव मावि, रघुगंगा मावि, ज्ञानोदय मावि र महेन्द्र मावि झिँले यस वर्ष सतप्रतिशत नतिजा ल्याएका छन् । मुक्तिधाम माविकी रेजिना भण्डारी प्राविधिक धारतर्फ जिल्ला प्रथम हुनुभएको छ । २०८१ को माध्यमिक परिक्षामा एक सय ४३ जनाले सहभागिता जनाएकोमा ८८ जना ग्रेडेटेड भएका थिए । गत वर्षको तुलनामा २०८२ को नतिजामा सुधार आएको शिक्षा शाखाका प्रमुख नहेन्द्र क्षेत्रीले बताए । गाउँपालिकाले वर्तमान शैक्षिक अवस्थाको विश्लेषण, आवश्यकता पहिचान र सुधारका कार्य योजना सहित पञ्चवर्षीय शिक्षा योजना तयार पारेको छ । योजनाकै आधारमा विद्यालयका भौतिक संरचना निर्माण, प्रबिधिको विस्तार, शिक्षकहरुको क्षमता विकास, शैक्षिक गुणस्तर सुधार, विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक व्यवस्थापनको काम थालिएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताए । "गुणस्तरीय शिक्षा, प्रविधिमैत्री सिकाइ र विद्यालयको आकर्षण बढाउन जोड दिएका छौ," उनले भने "विद्यालयको भौतिक पूर्वाधार सुधार, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षक क्षमता अभिवृद्धि, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप प्रवर्द्धन तथा विद्यालय अनुगमनलाई प्राथमिकतामा राखेका छौ ।" अध्यक्ष भण्डारीका अनुसार वार्षिक शैक्षिक योजना बनाएर कक्षागत पठनपाठनलाई पनि एकरुपता ल्याउने प्रयास भएको छ । माविका प्रअहरुलाई मासिक रु। एक हजार र आधारभूतका प्रअलाई मासिक रु. सात सयका दरले प्रोत्साहन भत्ता दिने ब्यवस्था मिलाइएको छ । विद्यालयको प्रशासनिक खर्चका लागि वार्षिक आधारभूतलाई रु. १० हजार र माविलाई रु. १५ हजारका दरले अनुदान दिने गरिएको छ । एसइई नतिजाको आधारमा उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरि पुरस्कृत गरिएको छ । ***-रासस***

## कक्षा ४-५ मा बाह्य परीक्षा अन्त्यको नयाँ अभ्यास



नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि बहस हुँदै आएको एउटा विषय अन्ततः नीतिगत निर्णयका रूपमा अगाडि आएको छ । मन्त्रिपरिषदको २०८२ चैत १३ गतेको बैठकले 'शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची' अन्तर्गत कक्षा ५ सम्मका औपचारिक लिखित परीक्षा हटाई शतप्रतिशत आन्तरिक मूल्यांकन प्रणाली लागू गर्ने निर्णय गरेको छ । शैक्षिक सत्र २०८३ देखि लागू हुने यो व्यवस्था नेपालको विद्यालय शिक्षामा एउटा महत्वपूर्ण मोडका रूपमा हेरिएको छ । यसअघि राष्ट्रिय पाठ्यक्रम प्रारूप (एनसिएफ) २०७६ ले कक्षा ४ र ५ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्यांकनको व्यवस्था गरेको थियो । अब भने त्यो मिश्रित मोडल हटाएर पूर्ण रूपमा विद्यालय र शिक्षकको निरन्तर मूल्यांकन प्रणालीमा आधारित शिक्षण पद्धति लागू गर्न खोजिएको छ । यो निर्णयसँगै शिक्षा क्षेत्रमा नयाँ बहस सुरू भएको छ । के यसले बालबालिकालाई अनावश्यक परीक्षा-तनावबाट मुक्त गरी सिर्जनशील र व्यावहारिक सिकाइतर्फ लैजान्छ ? वा परम्परागत परीक्षा हटाउँदा शिक्षाको गुणस्तर र उत्तरदायित्वमा नयाँ चुनौती थपिन्छ ? लपरीक्षा होइन, सिकाइको निरन्तर मूल्यांकन सरकारको यो निर्णयलाई 'परीक्षा हटाइयो' भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन । यसको मूल उद्देश्य विद्यार्थीको सिकाइलाई वर्षको अन्तिम तीन घण्टे लिखित परीक्षामा सीमित नगरी निरन्तर अवलोकन र सहभागितामार्फत मूल्यांकन गर्नु हो । शिक्षाशास्त्रमा यसलाई 'निर्माणात्मक मूल्यांकन' भनिन्छ, जसको आधार (Assessment for Learning/ Assessment as Learning) को अवधारणा हो । अर्थात् मूल्यांकन केवल नतिजा निकाल्ने प्रक्रिया नभई सिकाइ सुधार गर्ने साधन पनि हो । यस प्रणाली अन्तर्गत विद्यार्थीको मूल्यांकन निम्न आधारमा गरिनेछ । दैनिक कक्षाकार्य र सहभागिता । परियोजनामा आधारित सिकाइ । सिर्जनात्मक अभिव्यक्ति जस्तै कविता, कथा, चित्रकला आदि । पोर्टफोलियो वा विद्यार्थीका कार्यहरूको अभिलेखीकरण । व्यवहार, अनुशासन, सहकार्य र सामाजिक सीपको अवलोकन । यसले विद्यार्थीलाई केवल 'उत्तर घोक्ने' अभ्यासबाट बाहिर ल्याई व्यावहारिक र जीवनोपयोगी सिकाइतर्फ उन्मुख गराउने अपेक्षा गरिएको छ । बालमनोविज्ञान र आधुनिक शिक्षाको आवश्यकता विभिन्न अध्ययनहरूले देखाएका छन् कि प्रारम्भिक तहका बालबालिकामा उच्च जोखिमयुक्त परीक्षा प्रणालीले भय, तनाव र असफलताको मानसिक दबाब सिर्जना गर्न सक्छ । विशेषगरी १०-११ वर्ष उमेर समूहका बालबालिकाका लागि निरन्तर कक्षाकोठा-आधारित मूल्यांकन बढी प्रभावकारी र बालमैत्री मानिन्छ । आधुनिक शिक्षाले जोड दिने ($CsÚ -Critical Thinking, Creativity, Collaboration and Communication)अर्थात् आलोचनात्मक चिन्तन, सिर्जनशीलता, सहकार्य र सञ्चार सीपको विकासका लागि पनि यस्तो मूल्यांकन प्रणाली उपयोगी देखिन्छ । यस प्रक्रियामा विद्यार्थीलाई केवल पाठ कण्ठ गराउने होइन, बरू उनीहरूलाई समस्या पहिचान गर्न, समाधानका उपाय खोज्न, समूहमा सहकार्य गर्न तथा आफ्ना विचार प्रभावकारी रूपमा अभिव्यक्त गर्न प्रोत्साहित गरिन्छ । उदाहरणका लागि, कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूलाई 'आफ्नो गाउँमा हुने सामुदायिक कार्य' सम्बन्धी परियोजना दिइयो भने उनीहरूले गाउँमा सञ्चालन हुने सरसफाइ अभियान, वृक्षारोपण, सडक मर्मत, धार्मिक तथा सामाजिक कार्यक्रमजस्ता गतिविधिहरूको अवलोकन गर्छन् । त्यसपछि ती कार्यहरूको उद्देश्य, समुदायमा परेको प्रभाव तथा सुधार गर्न सकिने पक्षहरूबारे अध्ययन गरी प्रतिवेदन तयार गर्छन् र आफ्ना निष्कर्षहरू कक्षामा प्रस्तुत गर्छन् । यस प्रकारको सिकाइ प्रक्रियाले विद्यार्थीलाई समाजसँग प्रत्यक्ष रूपमा जोड्नुका साथै पाठ्यपुस्तकमा सीमित ज्ञानलाई वास्तविक जीवनका अनुभवसँग एकीकृत गर्न मद्दत पुऱ्याउँछ । शिक्षकको बदलिँदो भूमिका र मूल्यांकनको नयाँ आयाम मूल्यांकन प्रणालीमा आएको परिवर्तनसँगै शिक्षकको भूमिका पनि रूपान्तरण हुन आवश्यक छ । अब शिक्षक केवल ज्ञान हस्तान्तरण गर्ने व्यक्ति (Knowledge Transmitter) मात्र नभई सिकाइ प्रक्रियाका सहजीकरणकर्ता, मार्गदर्शक, प्रेरक र सहयोगीका रूपमा प्रस्तुत हुनुपर्छ । आधुनिक शिक्षाका प्रमुख चिन्तकहरूमध्येका एक अमेरिकी दार्शनिक तथा शिक्षाविद जोन ड्यूई (John Dewey) ले शिक्षा जीवनको तयारी मात्र नभई जीवन स्वयं हो भन्ने धारणा प्रस्तुत गरेका थिए । उनको प्रगतिवादी (Progressivist) शैक्षिक दृष्टिकोण अनुसार विद्यार्थी सिकाइको केन्द्रमा रहन्छ र शिक्षकले सिक्ने वातावरण सिर्जना गर्ने भूमिका निर्वाह गर्छ । नयाँ मूल्यांकन प्रणाली पनि यही दर्शनबाट प्रभावित देखिन्छ। यस प्रणालीमा विद्यार्थीको सिकाइ उपलब्धिलाई केवल अंकका आधारमा होइन, रूब्रिक्स (Rubrics) मार्फत विभिन्न तहमा मूल्यांकन गरिने व्यवस्था गरिएको छ । रूब्रिक्सले विद्यार्थीको वास्तविक सिकाइ अवस्था पहिचान गर्न तथा सुधारका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्छ । यसअन्तर्गत विद्यार्थीको उपलब्धिलाई चार तहमा वर्गीकरण गरिन्छ । सिकाइ उपलब्धि पूर्ण रूपमा हासिल गरेको विद्यार्थी। यस्ता विद्यार्थीलाई थप चुनौतीपूर्ण र अग्रिम सिकाइका अवसर प्रदान गरिनेछ । स्तर सिकाइ उपलब्धि अधिकांश रूपमा हासिल गरेको विद्यार्थी । उनीहरूलाई थप परिष्कृत र गहिरो सिकाइतर्फ प्रोत्साहित गरिनेछ । सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको विद्यार्थी। यस्ता विद्यार्थीका लागि सुधारात्मक सिकाइ (Remedial Learning) आवश्यक हुनेछ । अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसकेको अवस्था । यस स्तरका विद्यार्थीलाई उपचारात्मक शिक्षण (Remedial Support) मार्फत आवश्यक सहयोग प्रदान गरिनेछ । यस प्रणालीको विशेषता के हो भने कुनै पनि विद्यार्थीलाई 'असफल' भनेर छोडिने छैन । बरू शिक्षकले विद्यार्थीको वास्तविक सिकाइ अवस्था पहिचान गरी आवश्यक सहयोग, व्यक्तिगत मार्गदर्शन र सुधारात्मक अभ्यासमार्फत कम्तीमा दक्ष (Proficient) स्तरसम्म पुऱ्याउने जिम्मेवारी बहन गर्नुपर्नेछ । यसले शिक्षकबाट नयाँ प्रकारको व्यावसायिक दक्षता र कार्यशैलीको अपेक्षा गर्छ । शिक्षकले अब केवल पाठ्यपुस्तकका विषयवस्तु व्याख्या गरेर मात्र पुग्दैनह उनले परियोजना-आधारित सिकाइ, सहकार्यात्मक गतिविधि, समस्या समाधानमा आधारित शिक्षण, निरन्तर प्रतिपुष्टि तथा सिकाइ अभिलेखीकरणजस्ता अभ्यासलाई कक्षाकोठामा प्रभावकारी रूपमा प्रयोग गर्न सक्नुपर्छ । मूल्यांकनको तरिका परिवर्तन भएसँगै शिक्षकको सोच, शिक्षण रणनीति र कक्षाकोठा व्यवस्थापनमा पनि गतिशील परिवर्तन आवश्यक देखिन्छ । तर नेपालको शैक्षिक सन्दर्भमा यो परिवर्तन कार्यान्वयन गर्नु सहज देखिँदैन। परम्परागत दृष्टिकोण अनुसार शिक्षक ज्ञानको मुख्य स्रोत हुन् र उनीहरूको प्रमुख जिम्मेवारी विद्यार्थीलाई ज्ञान हस्तान्तरण गर्नु हो भन्ने मान्यता विद्यमान छ । यस प्रणालीमा शिक्षकले विषयवस्तु व्याख्या गर्ने, विद्यार्थीले ध्यानपूर्वक सुन्ने, कापीमा टिपोट गर्ने र परीक्षामार्फत सिकाइ प्रमाणित गर्ने प्रक्रियालाई नै शिक्षण-सिकाइको मुख्य आधार मानिन्छ । अर्थात् ज्ञान निर्माणभन्दा पनि ज्ञान स्थानान्तरणमा बढी जोड दिइन्छ । तर निरन्तर मूल्यांकन प्रणालीले शिक्षकबाट फरक भूमिका अपेक्षा गर्छ । यसले शिक्षकलाई केवल विषयवस्तु प्रस्तुत गर्ने व्यक्तिको रूपमा होइन, सिकाइको वातावरण निर्माण गर्ने, विद्यार्थीको प्रगति निरन्तर अनुगमन गर्ने, व्यक्तिगत प्रतिपुष्टि प्रदान गर्ने र सुधारात्मक सिकाइका अवसर सिर्जना गर्ने सहजीकरणकर्ताको रूपमा स्थापित गर्न खोज्छ । यसका लागि परियोजना-आधारित सिकाइ, सहकार्यात्मक क्रियाकलाप, डिजिटल स्रोतको प्रयोग, सिकाइ अभिलेखीकरण तथा प्रमाणमा आधारित मूल्यांकनका सीप आवश्यक पर्छन् । यद्यपि यस्ता अभ्यासहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक तालिम, समय, प्राविधिक दक्षता र स्रोतसाधनको अभाव धेरै विद्यालयमा अझै चुनौतीका रूपमा रहेको छ । त्यसैले मूल्यांकन प्रणालीमा गरिएको नीतिगत परिवर्तनलाई व्यवहारमा सफल बनाउन शिक्षकको क्षमता विकास, निरन्तर व्यावसायिक प्रशिक्षण, विद्यालयस्तरमा आवश्यक स्रोत व्यवस्थापन तथा शैक्षिक संस्कृतिमा क्रमिक रूपान्तरणलाई समान महत्त्वका साथ अघि बढाउन आवश्यक देखिन्छ । यसैले नीति सफल हुन यसको पृष्ठभूमि अत्यन्त महत्वपूर्ण हुन्छ – शिक्षकको तयारी, स्रोतसाधनको उपलब्धता, स्थानीय तहको सक्रियता र अभिभावकको सहयोगबिना कुनै पनि मूल्यांकन सुधार केवल कागजी दस्तावेजमै सीमित रहन सक्छ । अन्ततः 'परीक्षा नहुनु भनेको मूल्यांकन नहुनु होइनह सिकाइको शैली परिवर्तन हुनु हो' भन्ने तथ्य बुझ्न जरूरी छ । यदि शिक्षा प्रणालीले बालबालिकालाई केवल प्रमाणपत्रका लागि होइन, जीवनका लागि तयार पार्ने लक्ष्य राखेको हो भने यस परिवर्तनलाई गम्भीरता, तयारी र उत्तरदायित्वका साथ कार्यान्वयन गर्नुको विकल्प छैन । अब बहस केवल परीक्षा रहने कि नरहने भन्नेमा सीमित छैनह प्रश्न यो हो– हामी कस्तो नागरिक तयार पार्न चाहन्छौं ? ***-सेतोपाटी डटकम***

# तानसेनका शिक्षकहरुलाई क्षयरोग सम्बन्धी सचेतना



**पाल्पा,** जेठ ३१/तानसेनका सामुदायिक विद्यालयका शिक्षकहरुलाई क्षयरोग सम्बन्धी सचेतना एक दिने कार्यक्रम गरिएको छ । नेपाल क्षयरोग निवारण संस्था पाल्पा शाखाको आयोजनामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा तानसेन भित्र सञ्चालित भुसलडाँडा मावी, पद्मपव्लिक मावि, जनता मावि, सेन मावि, मोहनकन्या मावि, महेन्द्रबोदी मावी, देववाणी संकृत तथा साधारण मावि, जनप्रिय मावि, लक्ष्मी मावि र सरस्वती माविका २० जना शिक्षकलाई क्षयरोगका विषयमा जानकारी गराइएको छ । जिल्ला स्वाथ्य कार्यलय पाल्पाका वरिष्ठ क्षयकुष्ट अधिकृत विश्वनाथ न्यौपानेले क्षयरो रोग के हो ? त्यसको अवस्था, नियन्त्रणका उपाय लगायतका विषयमा प्रशिक्षण दिएका हुन् । कार्यक्रममा सहभागी शिक्षक लक्ष्मी माविकी शिक्षक गुणवती केसी, जनता माविका शिक्षक अशोक घिमिरे लगायतले आफ्नो कार्यक्रमबाट थुप्रै कुराहरु सिक्न पाएको बताए । उनीहरुले नेपाल क्षयरोग निवारण संस्थाले शिक्षकहरुलाई लक्षित गरि राखेको क्षयरोग सम्वन्धि सचेतना कार्यक्रम अत्यन्तै प्रभावकारी भएको भन्दै यस्तो सचेतना जस्तो प्रभावकारी कार्यक्रममा फेरिफेरि पनि समावेश हुन पाइयोस् भन्ने कामना गरे । कार्यक्रममा प्रमुख अतिथि नेपाल क्षयरोग निवारण संस्थाकी केन्द्रिय उपाध्यक्ष शोभा शाक्यले कार्यक्रमलाई सम्वोधन गर्दै हाल तानसेन भित्रका ७ वटा विद्यालय मात्र नाटामा आवद्द भई क्रियाशिल रहेकोमा जुन विद्यालयमा हालसम्म जुनियर नाता गठन भएको छैन ति विद्यालयहरुलाई पनि नाटामा समावेश हुन अनुरोध गरिन् । कार्यक्रम संस्थाका शभापति विधान प्रसाद श्रेष्ठको अध्यक्षता, कार्यसमिति सदस्य सकुन्ता बज्राचार्यको स्वागत र संस्थाका सचिव झपेन्द्र गैरेको सञ्चालनमा भएको थियो । *-जयराम सापकोटाबाट*

# आज विश्व अग्रज दुर्व्यवहार जागरुकता दिवस मनाइँदै




**पाल्पा,** जेठ ३१/आज विश्व अग्रज दुर्व्यवहार जागरुकता दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । ज्येष्ठ नागरिकमाथि हुने शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक दुर्व्यवहारविरुद्ध जनचेतना फैलाउने उद्देश्यले दिवस विभिन्न कार्यक्रमका साथ मनाउन लागिएको हो ।

हरेक वर्ष जुन १५ मा यो दिवस मनाउने गरिन्छ । यो दिवसले वृद्धवृद्धाको सम्मान, सुरक्षा र अधिकार संरक्षणको आवश्यकता औँल्याउने गर्दछ । दिवसको अवसरमा सरकारी निकाय, सामाजिक संघसंस्था तथा समुदायस्तरमा अन्तरक्रिया, सचेतना र्‍याली, स्वास्थ्य परीक्षण तथा सम्मान कार्यक्रम आयोजना गरिएका छन् । विशेषज्ञहरूका अनुसार ज्येष्ठ नागरिकहरू परिवार, समाज तथा संस्थागत तहमा विभिन्न प्रकारका दुर्व्यवहारको जोखिममा रहने गरेका छन् । आर्थिक शोषण, बेवास्ता, अपमानजनक व्यवहार तथा मानसिक दबाबजस्ता समस्या अझै पनि चुनौतीका रूपमा रहेका छन् । दिवसको अवसरमा सरोकारवालाहरूले ज्येष्ठ नागरिकलाई सुरक्षित, सम्मानित र मर्यादित जीवनयापनको वातावरण सुनिश्चित गर्न परिवार, समुदाय तथा राज्य सबैको साझा जिम्मेवारी रहेको बताएका छन् । उनीहरूले वृद्धवृद्धामाथि हुने कुनै पनि प्रकारका हिंसा र दुर्व्यवहार अन्त्य गर्न कानुनी संरक्षण, सामाजिक सुरक्षा तथा जनचेतना अभिवृद्धि आवश्यक रहेकोमा जोड दिएका छन्। विश्वव्यापी रूपमा वृद्ध जनसंख्या बढ्दै गइरहेका बेला उनीहरूको अधिकार संरक्षण र सम्मानजनक जीवन सुनिश्चित गर्ने विषयलाई अझ प्रभावकारी रूपमा अघि बढाउन यस दिवसले महत्वपूर्ण सन्देश दिने विश्वास गरिएको छ ।

## रामपुरमा घुम्ती...

...आधारभूत स्वास्थ्य केन्द्र जब्गाडीको प्राङ्गणमा भएको शिविरमा एकै दिन ६ सय ८१ सेवाग्राहीले सेवा लिएको वडा अध्यक्ष दिल बहादुर रानाले जानकारी दिए । शिविरमा स्वास्थ्य जाँच तथा ल्यावसेवा ४५५ जना, आँखा तथा कान परीक्षण सेवा ४७९ जना, दन्त परिक्षण सेवा ८६ जना, अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र ६ जना, योजनाको भुक्तानी सेवा २८ जना, व्यवसाय नविकरण ५ जना, पशु सेवा २२१ र कृषि सेवा २१० जनाले सेवा लिएको रामपुर नगरपालिका योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । शिविरमा रामपुर अस्पतालको समन्वयमा विशेषज्ञ सहितको स्वास्थ्य जाँच, नेपाल परिवार नियोजन संघ पाल्पाको समन्वयमा महिलाको पाठेघरको परीक्षण र कालीगण्डकी आँखा उपचार केन्द्रको समन्वयमा आँखा तथा कान परीक्षणसँगै औषधी वितरण गरिएको स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले जानकारी दिए । रामपुर नगरपालिकाले नगरपालिकाले यस अघि वडा वडा मै पुगेर चालू घुम्ती शिविर मार्फत आर्थिक वर्षमा सञ्चालन हुने योजनाको सम्झौता गर्नुका साथै र बैंक खाता खोल्ने व्यवस्था मिलाएको थियो । नगरपालिकाले बैंक भन्दा पर रहेका नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वडा र टोलबाट वितरण गर्दै आएको छ । शिविरमार्फत नगरपालिका कार्यालयका विभिन्न शाखाहरुले प्रदान गर्ने सेवा कर्मचारी तथा जनप्रतिनिधिहरुको उपस्थितिमा सेवा प्रवाह गरिएको थियो ।

## खेलकुद समाचार

# सगेन्द्रलाई मिस्टर महानगर उपाधि



**काठमाडौं,** जेठ ३१/ काठमाडौं महानगरपालिका २२ वडाको आयोजनामा भएको दोस्रो मिस्टर महानगर शारीरिक सुगठन प्रतियोगिताको उपाधि डिभाइन फिटनेसका सगेन्द्र सिंहले जितेका छन् । राष्ट्रिय सभागृहमा भएको प्रतियोगितामा शनिबार राति विभिन्न तौल समूहका विजेताबिच भएको अल ओभर च्याम्पियनसिप जित्दै सगेन्द्र दोस्रो मिस्टर महानगर बनेका हुन् । उनि ७५ प्लस केजी तौल समुहका विजेता पनि हुनुहुन्छ । उपाधिसँगै उनले पाँ लाख रुपियाँ पुरस्कार पाए । उनले तौल समुहमा पहिलो भएर थप एक लाख रुपियाँ पनि हात पारे । प्रतियोगितामा ५५ केजी तौल समूहमा प्रथम, द्वितीय, तृतीय, चौथौ, पाचौ क्रमश: जिम तारका सविन चौलागाई, फिटनेस ग्यारेजका सुनील आले, कम्फोर्ट जिमका महेन्द्र थापा मगर, डि जिमका दिनेश विक र फिटनेस ग्यारेजका सरोज कँड भए । ६० केजी मा फिट एक्स जिमका अमृत गहतराज पहिलो, फिटनेस ग्यारेजका सौरभ थापा मगर दोस्रो, दि आइरन जिमका टेकबहादुर तामाङ तेस्रो, रोयल जिमका याकुब तोलाङगी चौथो र जिम कपनका सन्दीप अर्याल पाँचौं स्थानमा रहे ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# असारका लागि अधिकांश बैङ्कहरूको ब्याजदर स्थिर : ६ वटाले घटाए




**पाल्पा,** जेठ ३१/असार महिनाका लागि अधिकांश बैङ्कहरूले ब्याजदर स्थिर राखेका छन् । सञ्चालनमा रहेका २० मध्ये १७ वाणिज्य बैङ्कले सार्वजनिक गरेको ब्याजदर अनुसार ११ वटाले व्यक्तिगत निक्षेपमा दिने अधिकतम ब्याजदरलाई स्थिर राखेका छन् ।

त्यस्तै ६ वटा बैङ्कले ब्याजदर घटाएका छन् । ब्याजदर घटाउनेमा लक्ष्मी सनराइज, एनआइसी एसिया, स्ट्याण्डर्ड चार्टर्ड, प्राइम, हिमालयन र एनएमबी बैंक रहेका छन् । असारमा वाणिज्य बैङ्कहरूबाट व्यक्तिगत मुद्दतीमा अधिकतम ४.७५ प्रतिशत ब्याज पाइने भएको छ । एनएमबी र राष्ट्रिय वाणिज्य बैङ्कले सबैभन्दा धेरै ब्याजदर दिने भएका छन् । जेठमा औसत ब्याजदर ४.३४ प्रतिशत रहेकोमा असारमा यस्तो औसत ब्याजदर ४.२७ प्रतिशत छ । स्ट्याण्डर्ड चार्टर्ड बैंकबाट सबैभन्दा कम ३.९५ प्रतिशत मात्रै ब्याजदर पाइने भएको हो । नबिल, कुमारी र नेपाल एसबीआई बैंकको विवरण प्राप्त भएको छैन ।

## पाल्पामा हराउन...

...विश्वहिन्दु महासंघका केन्द्रिय सदस्य भिमलाल भट्टराईले आगामी दिनमा पनि यस्ता तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिए । तालिममा ३९ जना प्रतिक्षार्थीले जनै बनाउन सिकेको समाजको सहज सहसचिव जयराम सापकोटोले जानकारी दिए । तालिम जेष्ठ २९, ३० र ३१ गतेसम्म चल्नेको थियो । तालिममा स्थानीय स्तरमा जनै बनाउने तालिम लिई जनै उत्पादन गर्न सके संस्कृतिको जर्गेना हुने र व्यवसायिक रुपमा उत्पादन गर्न सके निम्न आय भएका व्यक्तिहरुका लागि जिविकोपार्जन समेत हुनेमा कार्यक्रममा सहभागीहरुले जोड दिए । तालिममा धागो तेब्राउने, सिका पार्ने र छ सराको बनाउने सीप सिकाइएको थियो । समाजका अध्यक्ष धर्मचन्द्र नेपालको अध्यक्षता,कोषाध्यक्ष कृष्ण चालिसेको स्वागत र सचिव पुरुषोत्तम अर्यालको सञ्चालनमा तालिम भएको थियो । बजारबाट ल्याएको काँचो धागोलाई सानो चर्खाको सहायताले संगालेर जनै बनाउने गरिन्छ । कतुवाको सहायताले काँचो धागो बाटेपछि जनैको डोरा तयार हुन्छ । काँचो धागोको २७ सरा बेरेर ३ सरे र ५४ सरा बेरेर ६ सरे जनै तयार हुन्छ । शिखासहितको जनैलाई वैदिक मन्त्रले मन्त्रेपछि त्यो पूर्ण हुन्छ । शिखा जनैको महत्वपूर्ण भाग हो । यसलाई ब्रम्हगाँठो समेत भनिन्छ । स(साना नियमलाई उन्दै गएर जनै तयार हुन्छ । शास्त्रीय भाषामा जनैलाई यज्ञोपवित भनिन्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई